# आठराई त्रिवेणीगाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय,
# हाङपाङ, ताप्लेजुङ
# १ नंप्रदेश, नेपाल

## सरस्वती आ .वि. भवन निर्माण सम्बन्धी बोलपत्र वा E-Bidding आह्वानको सूचना

**ठेक्का नं:-२-०७६/०७७(निर्माण)**

**(प्रथम पटक प्रकाशित मिति:-२०७६/०८/२०)**

यस कार्यालयको लागि आ.व. २०७६/०७७ मा गाउँसभाद्वारा विनियोजित रकमबाट सरस्वती आ.वि. आठराई त्रिवेणी गाउँपालिका वडा नं.४ को भवन निर्माण कार्य सिलबन्दी बोलपत्र वा E-Bidding को माध्यमबाट सम्पन्न गर्नु पर्ने भएको हुँदा नेपाल सरकारबाट इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधीनमा रही बोलपत्र वा E-Bidding को माध्यमबाट बोलपत्र पेश गर्न यो सूचना प्रकाशन गरिएको छ।

शर्तहरु:-

१. तपशिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने) नगदै बुझाई नगदी रशिद साथ वा यस कार्यालयको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक हाङपाङ शाखाको सञ्चित कोषको खाता नं २६७०३०४०१८१०२ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर सहित निर्माण व्यवसायीले व्यवसाय नवीकरण भएको इजाजत पत्र, मूल्य अभिवृध्दि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी यस गाउँपालिकाको कार्यालय हाङपाङ ताप्लेजुङ तथा www.bolpatra.gov.np बाट यो सूचना प्रथम पल्ट प्रकाशित भएको मितिले ३० औ दिनसम्म खरिद गर्न सकिने छ । खरिद भएका बोलपत्र सम्बन्धि कागजात ३१ औ दिनको १२ बजे सम्म यस कार्यालयको नाममा सम्बोधन गरी कामको विवरण, बोलपत्र दाताको नाम,ठेगाना र फोन नं. समेत स्पस्ट खुलाई फर्मको छाप लगाई दर्ता गराउनु पर्ने छ।

२. उल्लेखित कार्यालयबाट बिक्रि भएका बोलपत्र सम्बन्धि कागजातमा भर्नु पर्ने सम्पूर्ण पानाहरु भरि दर्ता गर्नु पर्नेछ।दर्ता भएका बोलपत्रहरु अन्तिम दर्ता गर्नु पर्ने दिनको २ बजे कार्यालयका प्रतिनिधिहरु र बोलपत्र दाता वा निजका प्रतिनिधिहरुको रहोबरमा यस कार्यालयमा खोलिने छ।बोलपत्र दाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन।

३. बोलपत्र बिक्रि तथा दाखिला गर्ने अन्तिम दिन एवम खोलिने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोहि वमोजिम हुनेछ।

४. बोलपत्र जमानत यस कार्यालयको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक हाङपाङ शाखाको धरौटी खाता नं २६७०३०३००७१०२ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा सो बराबरको नेपाल राष्ट्र बैंकबाट क वर्गको मान्यता प्राप्त बैंकबाट वा कुनै वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको कार्य प्रयोजन एवमठेक्का नं अनिवार्य रुपमा उल्लेख भएको बोलपत्र जमानत (बोलपत्र दाखिला गर्ने अन्तिम मिति बाट १२० दिन सम्म म्याद भएको) पेश गर्नु पर्नेछ । बैंक मार्फत बोलपत्र जमानत पेश गर्नेहरुको हकमा कार्यालयबाट निर्दिष्ट गरिएको बोलपत्र जमानत फारम अनुसार नै पेश भएको मात्र मान्य हुनेछ।

५. बोलपत्र दाताले बोलपत्रमा दररेट भर्दा मूल्य अभिबृद्दी कर बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ । बोलपत्रमा प्रत्येक आइटमवाईज दर अंक र अक्षर दुबैमा स्पष्टलेखि प्रत्येक पानामा सहि छाप गरेको हुनुपर्नेछ ।अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। केरमेट भएको ठाउँमा बोलपत्रदाताको सहि छाप भएको हुनु पर्नेछ।

६. आर्थिक पक्षहरु बोलपत्र सम्बन्धि कागजात उल्लेख भए अनुसार पेश गर्नु पर्नेछ। संयुक्त उपक्रमको हकमा मुख्य साझेदार(lead partner) को हिस्सा कम्तिमा ४०% तथा अन्य साझेदारहरुको हिस्सा कम्तिमा २५% हुनुपर्नेछ।

७. बोलपत्र सम्बन्धि अन्य कुनै कुरा बुझ्नु परेमा यस कार्यालयको मोबाइल नं ९८५२६६०९६०मा सम्पर्क गर्न सकिने छ।

८. नक्कली कागजात पेश गरि वा मिलेमतो गरि बोलपत्रमा भाग लिएको पाइएमा सो बोलपत्र रद्द गरी कालो सुचिमा समावेश गर्न सम्बन्धित निकायमा सिफारिस गरिने छ।म्याद नाघी आएको, रित नपुगेको र ससर्त पेश भएको बोलपत्रहरु मान्य हुने छैन।

९. बोलपत्रदातालाई बोलपत्र पेश गर्नु अगाडी आफ्नै खर्च र जिम्मेवारीमा कामको स्थलगत भ्रमण गरि कामको बारेमा जानकारी लिन अनुरोध गरिन्छ साथै Pre-bid Meeting सूचना प्रकाशन भएको मितिले बीसौं दिन यस कार्यालयमा दिनको २ बजे हुनेछ।

१०. वोलपत्र खरिदकर्ताले सार्वजनिक खरिद कार्यमा भाग लिन अयोग्य नभएको ,प्रस्तावित खरिद कार्वाहीमा आफ्नो स्वार्थ नवाझिएको साथै सार्वजनिक खरिद अनुगमन कार्यालयको कालो सूचीमा नपरेको भनी लिखित कबोल गरेको स्वघोषणा गरेको पत्र अनिवार्य रुपमा वोलपत्रसाथ पेश गर्नुपर्नेछ।

११. बोलपत्र स्वीकृत गर्ने, रद्द गर्ने र आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।यस सुचनामा उल्लेखनभएका कुराहरुकोहकमासार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ ।

१२. यो सूचना सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईटwww.bolpatra.gov.npर यस कार्यालयको वेबसाइट www.aathraitribenimun.gov.npमा हेर्न सकिनेछ

| च | विवरण | ल.ई रकम (मू.अ कर सहित) | धरौटी रकम | बोलपत्र दस्तुर | किसिम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सरस्वती आ.वी. भवन निर्माण | ७०३६ ७५८.०६ | रु.१७५०००/- | रु.३,००० /- | बोलपत्र वा(E-Bidding) | |

प्रमुख प्रशासकीय अधिकृत
आठराई त्रिवेणी गाउँपालिका
हाङपाङ, ताप्लेजुङ

प्रमुख प्रशासकीय अधिकृत